# बालबालिकालाई श्रममा नलगाऔं : बालश्रम रहित नगर बनाऔं
## बाल श्रम विरुद्ध हरियो झण्डा अभियान

पृष्ठभूमि

बालश्रम विश्वव्यापीरुपमा नै तितो यथार्थ को रुपमा देखिएको छ । अन्र्तराष्ट्रिय श्रम संगठनले विश्वव्यापी रुपमा सन् २०१३ को सेप्टेम्वरमा निकालेको तथ्यांक अनुसार संसार भरि १६ करोड ८० लाख बालबालिकाहरु श्रममा संलग्न छन् भने ८ करोड ५० लाख बालबालिकाहरु जोखिम पुर्ण श्रममा संलग्न छन् । राष्ट्रिय श्रमशक्ति सर्वेक्षण २००८ अनुसार नेपालमा १६ लाख बालबालिकाहरु श्रममा संलग्न रहेको पाइएको छ भने ६ लाख २१ हजार बालबालिकाहरु जोखिमपुर्ण श्रममा छन । बिगत लामो समय देखि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रयासका कारण नेपालमा विगत १० बर्षा भन्दा आजको स्थितीमा बालश्रमिकहरुको अवस्थामा सुधार आउनु र संख्यामा कमी आउँदै जानु सुखद कुरा भए पनि बालश्रम बिरुद्ध अझै पनि धेरै कार्यहरु गर्नु आवश्यक देखिएको छ ।

श्रममा बालबालिकाको प्रयोग ले लाखौं बालबालिकाहरु आधारभूत तथा मौलिक अधिकार जस्तै शिक्षा, स्वास्थ्य, सहभागीता र परिवार संग बस्ने अधिकार बाट वञ्चित छन् । श्रमश्रोशण, कार्यक्षेत्रमा हुने हिंसा, भेदभाव र यौनजन्य हिंसा, स्वास्थ्य तथा शिक्षाको अभाव र बाबु आमा संग टाढा रहनु पर्ने बाध्यताले उनीहरुको मौलिक अधिकार, मानवअधिकार संबन्धि विश्वव्यापी घोषणा पत्र १९४८ र बालअधिकार संबन्धि महासन्धी १९८९ ले प्रत्याभुत गरेको अधिकार बाट बञ्चित रहेका छन् । नेपाल सरकारले बालअधिकार संरक्षणकालागि विभिन्न प्रयासहरु अगाढि बढाएको छ भने बालश्रम उन्मुलन गर्नका लागि बालश्रम सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०११ – २०२०) ले नेपालबाट २०७३ (सन्२०१६) सम्ममानिकृष्ट प्रकारको बालश्रम अन्त्य र २०७७ (सन् २०२०) सम्ममा सबै प्रकारको बालश्रम अन्त्य गर्ने लक्ष्य राखेको छ । स्थानिय स्वायत्त शासन ऐन २०५५ ले बालबालिका लाई केन्द्रबिन्दुमा राखेर योजना बनाउनु पर्दछ भनेको छ भने बालमैत्री स्थानिय शासनः राष्ट्रिय रणनीति २०६८, बालमैत्री स्थानिय शासन कार्यान्वयन कार्यविधि २०६८ अनुरुप बालमैत्री नगर बनाउनका लागि बालश्रम न्यूनिकरण हुनु पर्ने व्यवस्था पनि रहेको छ । बालबालिका सम्बन्धी ऐन २०४८, बालश्रम(निषेध र नियमित गर्ने) ऐन २०५६, बालबालिका सम्बन्धी राष्ट्रियनीति २०६९ लगायतका कानूनी व्यवस्थाले पनि बालश्रमलाई निषेध गरेको छ ।

नेपाल सरकारले सन् २०१६ सम्ममा निकृष्ट प्रकारको बालश्रम लाई अन्त्य गर्न राखेको लक्ष्य पुरा गर्ने समय अब २ बर्ष पनि छैन । यस्का लागि प्रभावकारी अभियान संचालन गर्नु जरुरी छ । यस्ता अभियान स्थानिय सरकारको नेतृत्वमा समुदायस्तरमा सबैको साझा अभियान बनाएर लान सकेमा बालश्रम अन्त्यको लागि राज्यले सफलता प्राप्त गर्न सक्दछ । स्थानीय सरकार ले समुदायमा प्रत्यक्ष रुपमा काम गर्ने र समुदाय सँग सन्निकटताको सिद्धान्तमा रहेर काम गर्ने साथै बालबालिका सहित सवै नागरिकको संरक्षणमा जिम्मेवार भएकोले यस नगरपालिका ले बाल श्रम विरुद्ध हरियो झण्डा अभियान अगाडि ल्याएको हो ।

## हरियो झण्डा अभियान के हो ?

**हरियो झण्डा अभियान बालश्रम मुक्त घर, टोल, समुदाय र समाज निर्माण गर्ने स्थानीय निकाय, नागरिक समाजर स्थानीय बालसंरक्षण संरचनाहरूले अघि बढाएको बालश्रम बिरुद्ध दवाव दिने सकारात्मक अभियान हो ।** यो स्थानीय निकाय तथा संरचनाहरुले संचालन गरेको बालश्रम विरुद्धको सकारात्मक अभियान हो । यो अभियान अर्न्तगत समुदायमा रहेका नागरिकहरुले आफनो घर, पसल तथा कारखानामा सवैले देख्ने गरि हरियो झण्डा राख्ने छन् । जुन बालश्रम नरहेको प्रतिकात्मक संकेत हो । स्थानीय सरकार र समुदायले त्यो झण्डा राखेको घर, कारखाना, उद्योग र व्यवसायमा बालश्रमको प्रयोग छैन् भन्ने बुझ्दछ र जस्लाई नगर स्तरीय अनुगमन समिति ले प्रभावकारी अनुगमन मार्फत बालश्रमिकको उद्धार, पुनर्स्थापना र आवश्यक कानुनी कारवाहीको लागि प्रक्रिया अगाडी बढाउँछ । बालश्रम प्रयोग नभएका सवै घर, कलकारखाना र होटल हरुमा यो झण्डा राखिने छ । यसको अर्थ बालश्रम राख्ने व्यक्तिहरु लाई नैतिक तथा सामाजिक दवाव उत्पन्न हुन्छ जस्ले गर्दा बालश्रम राखेका व्यक्ति, उद्योग, व्यवसाय र कारखानाले बालश्रम मा संलग्न गराइएका ति बालबालिकाहरु सामाजिक संरक्षणका साथ पारिवारिक पुनर्मिलन गराई वयस्क श्रमिक प्रयोग गर्ने अभियानमा सरिक हुने छन् । ललितपुर उ.म.न.पा ले यस अभियान मार्फत निरन्तर अनुगमनका कार्यक्रम हरु आफनै नेतृत्वमा गर्ने छ र बालश्रमिकहरुको उद्धार तथा पारिवारिक पुनर्मिलनका कार्यक्रमहरु समेत संचालन गर्ने र बालश्रम विरुद्धको हरियो झण्डा अभियानलाई निरन्तर रुपमा प्रवर्द्धन गर्ने छ ।

यस अभियानको मुख्य उद्देश्य भनेकै बालश्रमको अन्त्य गरि बालश्रम रहित घर, टोल र बालमैत्री समुदाय र समाजको निर्माण गर्नु हो । ललितपुर उपमहानगरपालिका, नागरिक समाज, उद्योगी, व्यवसायी, संचारकर्मी, शिक्षक तथा सम्पुर्ण राष्ट्र सेवक लगायत संम्पुर्ण नगरवासीहरु लाई श्रममा बालबालिकाको प्रयोग नगर्न र बालश्रम बिरुद्धको अभियानमा सहभागी हुन अनुरोध गर्दछौ ।

ललितपुर उपमहानगरपालिका